## मिति २०८०/०१/२५  गते सोमबार १३७ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।
२. आ.व. २०७९/०८०को तेस्रो त्रैमासिक प्रगति समिक्षाको प्रतिवेदन तथा सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
३. प्रशासनीक भवन निर्माणको म्याद थप सम्बन्धमा।
४. नियन्त्रण बिन्दु राख्ने सम्बन्धमा।
५. सार्वजनिक जग्गामा निर्माण भएका घरहरु भत्काउने निर्णय कार्यान्वयन सम्बन्धमा।
६. चालु आ.व.को कार्यक्रम तथा योजना कार्यान्वयन सम्बन्धमा।
७. नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको घोराही १३मा रहेको कार्यालयका लागि आवश्यक कम्प्युटर फोटोकपी र प्रिन्टर उपलब्ध गराउने सम्बन्धमा।
८. आर्थिक सहयोग सम्बन्धमा।
   - राप्ती साहित्य परिषद्।
   - प्रेस चौतारी नेपाल दाङ शाखा।
   - प्रगतिशील पत्रकार संघ नेपाल।
   - दाङ महिला जेसिस।
   - नेपाल दलित मुक्ति मोर्चा केन्द्रीय समिति।
   - औषधी उपचारका लागि सहयोग।
   - काजकृया खर्च उपलब्ध गराउने।
   - वडा नं. १४ बस्ने सञ्जय चौधरीलाई घर निर्माणका लागि।
   - चौथो नारायणपुर कृषि पर्यटन तथा व्यापार महोत्सव २०८०।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको सूचना तथा सञ्चार प्रविधि शाखाबाट प्रस्तुत आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन अनुमोदन गर्ने।

**निर्णय नं. ३**

ठेक्का नं. NCB/WORKS/GSMC/09/077/078 "नगर प्रशासनीक भवन निर्माण" गर्न २०८०।०१।३१मा सम्पन्न गर्ने गरी पहिलो पटक म्याद थप गरी गौरी पार्वती/भुसाल/बस्नेत (जे.भी.) यस कार्यालय विच सम्झौता भई कार्य प्रारम्भ भएकोमा विविध कारणले निर्धारित मितिमा काम सम्पन्न नभएको, निर्माण कम्पनीले म्याद थपका लागि मिति २०८०।०१।१०मा यस कार्यालयमा निवेदन (दर्ता नं. १०७५०) दिएको र मिति २०७९।०१।१०गते बसेको नगरकार्यपालिकाको १३६औं बैठकको निर्णय अनुरुप निर्माण कम्पनीले तोकिएको मापदण्ड अनुरुप कार्य समेत गरिरहेको देखिएको सन्दर्भमा सार्वजनिक खरिद नियमावली २०६४ नियम १२० (बाह्रौ संशोधन) बमोजिम उक्त ठेक्काको कार्यलाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८०।०३।३१ गतेसम्म भवन निर्माणको म्याद थप गर्ने।

**निर्णय नं. ४**

भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्न भूमि सम्बन्धी समस्या समाधान आयोग र घोराही उपमहानगरपालिका विच भएको सम्झौता अनुरुप लगत संकलन तथा प्रमाणीकरणको कार्य सुचारु भैरहेकोमा जग्गा नापजाँचको कार्य अगाडी बढाउनु पर्ने भएको हुँदा विवरण संकलनको आधारमा ४५० थान नियन्त्रण बिन्दु आवश्यक रहेकोमा तत्कालको लागि घोराही उपमहानगरपालिकाको सेवा र परामर्श खर्च शीर्षकबाट रु. ५,००,०००।– (पाँच लाख) खर्च हुने गरी कार्य प्रारम्भ गर्ने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका वडा नं. १० बस्ने कैलाश लहरे, थम्मन महरा, गोपाल देवकोटा, निशा, असगर अली मुलमान, स्याउली चौधरी, रामशरण चौधरी लगायतका व्यक्तिहरुले सार्वजनिक बाटोमा अवैध संरचना (घर टहरा) निर्माण गरेको स्थलगत नापजाँच गर्दा देखिएको, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ को उपदफाको उपदफा (१) मा नक्सापास नगरी भवन निर्माण गर्न नहुने स्पष्ट व्यवस्था भएको, ऐनको दफा ३९ को उपदफा (ग) मा सार्वजनिक जग्गा तथा कुलो मिचेर संरचना निर्माण गरेको, घोराही उपमहानगरपालिकाको न्यायिक समितिको मिति २०७४।११।१५ गतेको संरचना भत्काउने निर्णय भएको तथा सम्मानीत उच्च अदालत तुल्सीपुरको मिति २०७८।०६।१२ गतेको फैसला समेतको आधारमा सार्वजनिक जग्गामा निर्माण भएका माथि उल्लेखित व्यक्तिहरुका घर टहरा भत्काउन घरधनीहरुलाई सूचना जारी गर्ने र उक्त सूचना अवधिभित्र नभत्काएमा उपमहानगरपालिकाको तर्फबाट घर टहरा भत्काउने।

**निर्णय नं. ६**

चालु आ.व.२०७९/०८०मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरु हाल संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान रकममा कटौती भई सबै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था रहेकोले हालसम्म वडास्तरिय योजनाहरुमा २० प्रतिशत र महाशाखा/शाखाका योजना तथा कार्यक्रमहरुमा ३० प्रतिशत बजेट कटौती गरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सबै वडा तथा महाशाखा/शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. ७**

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन घोराही १३लाई १ थान डेक्सटप कम्प्युटर घोराही उपमपहानगरपालिकाको आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट खरिद गरी सहयोग स्वरुप उपलब्ध गराउने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

| क्र.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|
| १. | राप्ती साहित्य परिषद्, केन्द्रीय कार्यालय, घोराही दाङ। | २५,०००।- | बृहत साहित्यिक समारोह २०८०का लागि सहयोग |
| २ | प्रेस चौतारी नेपाल, दाङ शाखा | ५०,०००।- | वार्षिक साधारणसभा तथा पत्रकारहरुको बृहत भेला २०८०का लागि सहयोग |
| ३ | प्रगतिशील पत्रकार संघ, नेपाल केन्द्रीय समिति, काठमाण्डौ | ५०,०००।- | प्रथम राष्ट्रिय सम्मेलन २०७९का लागि सहयोग |
| ४ | दाङ महिला जेसीज | २०,०००।- | जेसीज सप्ताह-२०२३ कार्यक्रम सञ्चालनका लागि सहयोग |
| ५ | नेपाल दलित मुक्ति मोर्चा, केन्द्रीय समिति | २५,०००।- | काठमाण्डौमा हुने राष्ट्रिय सम्मेलनका लागि सहयोग |
| ६ | फुद्या चौधरी<br>घोराही उपमहानगरपालिका, वडा नं. ४ | २०,०००।- | औषधी उपचारका लागि सहयोग |
| ७ | होम बहादुर रावत<br>घोराही उपमहानगरपालिका, वडा नं. १३ | २०,०००।- | मृतक ससीराम थापाको मृत्यूको काजक्रिया गर्न सहयोग |
| ८ | सञ्जय चौधरी<br>घोराही उपमहानगरपालिका, वडा नं. १४ | १,००,०००।- | नाला निर्माण गर्दा घर भत्किएकोले घर निर्माणका लागि सहयोग |
| ९ | नारायणपुर उद्योग वाणिज्य संघ, नारायणपुर, दाङ | २,००,०००।- | चौथो नारायणपुर कृषि पर्यटन तथा व्यापार महोत्सव २०८० आयोजनाका लागि। |